**नेपाल सरकार**
**विद्युत नियमन आयोग, नेपाल**

## परामर्श सेवाको लागि मौजुदा सूचीमा दर्ता हुन आउने सम्बन्धी सूचना
## (प्रथम पटक प्रकाशित मिति – २०८१/०४/०१)

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ११ को उपदफा ७ तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम २(ख) मा भएको प्रावधान बमोजिम आ.व. २०८१/०८२ को लागि तपशिलमा उल्लेख भएका बिषयमा कम्तिमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरि त्यस्तो विषय सम्बन्धी क्षेत्रमा कम्तिमा दश बर्ष कार्य अनुभव भएको व्यक्तिहरुलाई आयोगले निम्न सेवाहरूको लागि परामर्शदाताहरूको रोष्टर (सूची) गठन गर्न यो सूचना प्रकाशन गरिन्छ।

१. ऊर्जा क्षेत्रको कानुनी, नीतिगत, संस्थागत/नियामक रणनीतिसम्बन्धी
२. कानुनी परामर्शसम्बन्धी
३. विद्युत महसुल (उत्पादन, प्रशारण तथा वितरण) निर्धारणसम्बन्धी
४. विद्युत उत्पादन केन्द्रको प्रगति सम्बन्धी निगरानी, निरीक्षण र प्रमाणीकरण
५. वितरण प्रणालीको योजना, आर्थिक तथा व्यवस्थापनसम्बन्धी
६. उच्च भोल्टेज प्रसारणको योजना तथा अन्तरदेशीय विद्युत व्यापार (Cross-Border Electricity Trade) सम्बन्धी
७. विद्युत प्रणालीको विश्वसनीयता तथा सुरक्षा मापदण्डहरूसम्बन्धी
८. सफ्टवेयर विकास तथा कार्यान्वयनसम्बन्धी
९. सार्वजनिक खरीदसम्बन्धी
१०. वित्तीय परामर्शसम्बन्धी
११. विद्युत उपभोक्ता अधिकारको संरक्षणसम्बन्धी
१२. प्राविधिक दिशानिर्देश र मापदण्डहरूको तर्जुमासम्बन्धी
१३. विद्युत नियमनसम्बन्धी नीति, श्वेतपत्र, सोधपत्र, आदि निर्माण गर्ने

स्वतन्त्र परामर्शदाताको रूपमा वा फर्म/कम्पनी/सङ्गठित संस्था मार्फत विद्युत नियमन आयोगको परामर्श सेवाको मौजुदा सूची वा परामर्शदाताको रोष्टरमा समावेश हुन चाहने व्यक्तिगत परामर्शदाता/व्यक्ति/फर्म/कम्पनी/सङ्गठित संस्था निवेदकले निवेदनसहित निम्न बमोजिमका विवरण तथा सो कागजातको प्रमाणित प्रतिलिपि निम्न उल्लेखित ठेगानामा पेश गर्नुपर्नेछ।

१. कम्पनी दर्ता प्रमाणपत्र (निवेदक फर्म/कम्पनी वा सङ्गठित संस्था भएमा)
२. पान वा मूल्य अभिवृद्धि कर प्रमाणपत्र (PAN/VAT Certificate)

३. पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र
४. व्यवसाय प्रमाणपत्र (व्यवसाय भएमा)
५. फर्म/कम्पनीको विवरण (निवेदक फर्म/कम्पनी वा सङ्गठित संस्था भएमा)
६. परामर्शदाताको विस्तृत वैयक्तिक विवरण (Detailed Curriculum Vitae)
७. सम्बन्धित क्षेत्रमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण भएको प्रमाणपत्र (निवेदक व्यक्ति भएमा)

कुनै पनि आवेदकलाई स्वीकार वा अस्वीकार गर्ने वा सम्पूर्ण प्रक्रियालाई खारेज गर्ने अधिकार यस आयोगमा निहित रहनेछ । उक्त निर्णयबाट प्रभावित व्यक्ति वा फर्म/सङ्गठित संस्थाहरू प्रति आयोगको कुनै जिम्मेवारी रहने छैन र सो व्यक्ति वा फर्म/सङ्गठित संस्थाहरूलाई सूचित गर्ने दायित्वबाट पनि आयोग मुक्त रहनेछ ।


**विद्युत नियमन आयोग, नेपाल**

सानो गौचरण, काठमाण्डौ

गोश्वारा हुलाक कार्यालय (GPO) बक्स नं. : ९७५४

सम्पर्क नं. : +९७७-१-४५४३३९०/४५२२४४२

फ्याक्स : +९७७-१-४५३२५८२

इमेल : info@erc.gov.np

वेबसाइट : https://www.erc.gov.np